बागमती प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल।

पत्र संख्याः-२०८२/०८३
चलानी नम्बरः-
मितिः

## प्रेस विज्ञप्ति

बागमती एक्सप्रेस अनलाइन पत्रिकामा *"प्रदेश स्वास्थ्य सचिव गौतमलाई कारबाही गर्न व्यवसायीको माग"* शीर्षकमा प्रकाशित समाचारप्रति स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ। मन्त्रालय स्पष्ट पार्न चाहन्छ कि प्रदेश मातहतका अस्पतालका केही मेडिकल सुपरिटेन्डेण्टहरू अध्ययन बिदामा रहेकाले ती रिक्त स्थानमा अन्य चिकित्सकहरूको सरुवा **प्रचलित कानूनी प्रावधानअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट** गरिएको हो। समाचारमा उल्लेख गरिएझैं **सिन्धुली र त्रिशुली अस्पतालका मेडिकल सुपरिटेन्डेण्टहरू परिवर्तन भएका छैनन्।** बागमती प्रदेशका ९, १० र ११ औं तहका पदाधिकारीहरूको नियुक्ति तथा सरुवा गर्ने अधिकार सो कार्यालयलाई मात्र निहित छ।

श्री **स्वास्थ्य व्यवसायी संघ, त्रिपुरेश्वर, काठमाडौं**ले मिति २०८२/०६/२३ मा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई पठाएको ठेक्का सम्बन्धी पत्रका सन्दर्भमा मन्त्रालयले मिति २०८२/०६/२४ मा प्रतिस्पर्धा वृद्धि हुने गरी आवश्यक कार्य गर्न निर्देशन दिएको छ। त्यसपछि स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले ठेक्का खोल्ने मिति थप गरेको छ। मन्त्रालय मातहतका सबै निकायमा आर्थिक पारदर्शिता र प्रतिस्पर्धात्मक खरिद सुनिश्चित गर्न सधैं प्रतिबद्ध छ। **सचिवज्यू** र **माननीय मन्त्रीज्यूका निजी सचिवज्यू**को नाम जोडेर व्यक्तिको चरित्रहत्या हुने गरी आएको समाचार **पूर्ण रूपमा आधारहीन र असत्य** हो। उक्त औजार, उपकरण र औषधिहरूको खरिद प्रक्रिया **सार्वजनिक खरिद ऐन, २०६३** तथा **नियमावली, २०६४** बमोजिम **https://bolpatra.gov.np/egp/** मार्फत गरिएको हो।

चिकित्सकहरूको मनोबल गिराउने भ्रामक समाचार सम्प्रेषण नगर्न तथा नगराउन सम्बन्धित सबैमा यस मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

मिति २०८२/०७/०१

.......................
डा. खगेश्वर गेलाल
प्रवक्ता

फोन नं. ०५७-५९०३९२, ०५७-५९०३९२, ०५७-५९०३९३, ०५७-५९०३९४, ०५७-५९०३९५, ०५७-५९०३९६
ईमेलः moh@bagamati.gov.np वेबसाईटः https://www.moh.bagamati.gov.np